**Interdisciplinary Research in Education**
**Volume 4, Issue 2, 2020: 215-230**
**DOI: https://doi.org/10.3126/ire.v4i2.27937**

# नेपालमा बोलिने भाषाहरूको परिचय

**कुशिमला आचार्य**
नेपाली शिक्षा, त्रि.वि., कीर्तिपुर
E-mail: acharyakushmila@gmail.com

**लेखसार**

*प्रस्तुत लेख विश्वमा बोलिने भारोपेली, द्रविड, मलय पोलिनेसियन, ककेसियाली, अष्ट्रिक, जापानीकोरियाली, युराल-अल्ताइली, अमेरिकाली, चिनीयाँ-तिब्बती र अफ्रिकाली भाषापरिवार मध्ये नेपालमा बोलिने भारोपेली, द्रविड, अष्ट्रिक र चिनीयाँ-तिब्बतीभाषाहरूको अध्ययनमा केन्द्रित छ। संसारमा धेरै भाषा परिवारका भाषाहरू बोल्ने मत पाइए पनि अधिक भाषाशास्त्रीहरूको मतमा संसारमा १० वटा भाषापरिवारका भाषाहरू बोलिन्छन् । जसमध्ये नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा ४ वटा भाषापरिवार र एउटा एकल परिवारको भाषा गरी १२३ वटा भाषाहरू बोलिन्छन् । प्रस्तुत लेखमा नेपालमा बोलिने भाषा परिवारका भाषाहरूको २०५८ र २०६८ को जनगणना अनुसार तुलनात्मक अध्ययन गरिएको छ । यसमा उक्त १२३ भाषामध्ये चारवटा भाषामध्ये चारवटा भाषा परिवार र एउटा एकल भाषा परिवार अन्तर्गत वक्ता सङ्ख्याको बाहुल्यता भएका जम्मा ३० वटा भाषाको परिचय, प्रयोग क्षेत्र, वक्तासङ्ख्या र प्रतिशतका बारेमा चर्चा गरिएको छ। यसका लागि राष्ट्रिय जनगणना २०६८ का तथ्याङ्कलाई मुख्य आधार मानिएको छ। यस लेखले अब हुने नेपालको बाह्रौं राष्ट्रिय जनगणना २०७८ मा भाषिक गणनालाई व्यवस्थित बनाउनुपर्ने कुराप्रति सङ्केत पनि गरेको छ।*

***मुख्य शब्दावली :*** *भाषा, भाषा परिवार, भारोपेली, भोटवर्मेली, आग्नेली, द्रविडेली, भाषिक जीवन्तता, मातृभाषा, जनगणना ।*

## उद्देश्य

प्रस्तुत अनुसन्धानमूलक लेखको उद्देश्य नेपालमा बोलिने प्रमुख भाषाका विश्लेषणत्मक अध्ययन गर्नु रहेको छ। विशिष्टीकृत रूपमा नेपालमा १० वर्षको अन्तरालमा भाषामा भएको परिवर्तनको तुलना गर्नु, नेपालमा बोलिने भाषा परिवारको परिचय दिनु, नेपालमा बोलिने भाषा परिवारका प्रमुख भाषाहरूको परिचय दिनु, प्रयोग, क्षेत्र र वक्ता सङ्ख्याको तुलनात्मक अध्ययन गरेर निष्कर्ष निकाल्नु यस लेखका उद्देश्यहरू रहेका छन् ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धेय विषय गुणात्मक विधिमा आधारित छ । सामाग्री सङ्कलनको प्राथमिक र द्वितीयक स्रोत मध्ये द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी  वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक रूपमा विश्लेष्य विषयको निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक अवधारणा र विश्लेषणको ढाँचा

प्रस्तुत अध्ययनको सैद्धान्तिक पर्याधार भाषा परिवार र भाषिक जनगणनाको सिद्धान्त हो । बन्धु (२०७३) ले नेपालमा बोलिने भारोपेली, भोटबर्मेली, आग्नेसियाली र द्रविड भाषा परिवारका भाषाहरू र एकल भाषा परिवारको रूपमा कुसुन्डालाई विश्लेषण गरेका छन् । यी भाषा परिवारका सिद्धान्त, स्थिति, सङ्ख्या, अवस्थालाई प्रस्तुत लेखले विश्लेषणको आधार बनाएको छ । केन्द्रीय तथ्याङ्क विभाग (२०५९) को नेपालको राष्ट्रिय जनगणना २०५८ र केन्द्रीय तथ्याङ्क विभाग (२०६९) को नेपालको राष्ट्रिय जनगणना २०६८ मा प्रस्तुत गरिएका भाषा परिवारका सङ्ख्या र अवस्थालाई तुलनात्मक विश्लेषण गरिएको छ भने यी जनगणना मध्ये राष्ट्रिय जनगणना २०६८ ले तथ्याङ्कमा दिएका भाषाहरूलाई वक्ता सङ्ख्याको आधारमा क्रमिक रूपमा विश्लेषण गरिएको छ ।

### विषय प्रवेश

नेपाल भौगोलिक रूपमा सानो देश भए तापनि सामाजिक, सांस्कृतिक र भाषिक दृष्टिले अत्यन्त समृद्ध छ। नेपाल विविध जातजाति, संस्कृति र भाषाभाषीको सङ्गमस्थल हो । भाषावैज्ञानिक दृष्टिबाट सर्वेक्षण हुन बाँकी भए पनि नेपालमा मुख्य रूपमा भारोपेली, चिनीयाँ-तिब्बती, द्रविड र आग्नेली परिवारका भाषाहरू बोलिएको पाइन्छ (ओझा, २०६७, पृ.४०८) । नेपालमा विश्वका चर्चित भाषापरिवारका भाषामध्ये ४ वटा भाषापरिवारका भाषा र एकल परिवारको एउटा भाषा बोलिन्छन् ।

भारोपेली विश्वको सबैभन्दा धेरै मानिसहरूले बोल्ने भाषाका रूपमा रहेको छ । नेपालमा पनि सबैभन्दा बढी वक्ता यसै भाषा परिवारको रहेको कुरा राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कबाट स्पष्ट हुन्छ । भोटबर्मेली, आग्नेली र द्रविड भाषा परिवारका वक्ताहरू विश्वका साथै नेपालमा पनि उल्लेख्य रूपमा रहेका पाइन्छन् । नेपालमा बोलिने कुसुन्डा भाषाको अध्ययन गर्दा भाषावैज्ञानिकहरूले उपर्युक्त चार भाषापरिवारको भन्दा भिन्न अभिलक्षण यसमा रहेको दृष्टिकोण राखेको पाइन्छ । यसरी नेपालमा ५ भाषापरिवारका भाषाका वक्तारहेका छन् ।

नेपालमा भाषाको सङ्ख्या बढ्दो क्रममा रहेको कुरा पछिल्ला जनगणनाको तथ्याङ्कबाट स्पष्ट हुन्छ । भाषाको सङ्ख्या बढ्नुमा आफ्नो भाषाप्रति भाषिक बफादारिता बढ्नु, आफ्नो पहिचान खोज्नु, शिक्षाको स्तर बढ्नु, भाषिक रूपमा सङ्गठित हुनु, राज्यले भाषाको संरक्षण, संबर्धन र विकासमा अग्रसरता देखाउनु आदि रहेका छन् । राष्ट्रिय जनगणना २०५८ र २०६८ अनुसार नेपालका भाषाहरूको पारिवारिक अवस्थाको तुलनात्मक स्थिति निम्न अनुसार छ :

**तालिका १ : नेपालका भाषाहरूको तुलनात्मक पारिवारिक वर्गीकरण २०५८ र २०६८**

| क.सं. | भाषा परिवार | राष्ट्रिय जनगणना २०५८ | | राष्ट्रिय जनगणना २०६८ | |
|---|---|---|---|---|---|
| | | भाषा सङ्ख्या | वक्ता प्रतिशत | भाषा सङ्ख्या | वक्ता प्रतिशत |
| १. | भारोपेली | ३० | ८०.२६ | ४९ | ८२.११ |
| २. | चीन तिब्बती | ५८ | २८.६८ | ७० | १७.३१ |
| ३. | आग्नेसियाली | २ | ०.१९ | २ | ०.१९ |
| ४. | द्रविड | १ | ०.१३ | १ | ०.१३ |
| ५. | एकल भाषा | १ | ०.००(८७ जना) | १ | ०.००(२८ जना) |
| ६. | उल्लेख नभएको | - | ०.७४ | - | ०.१८ |
| ७. | अन्य | - | - | - | ०.०७ |
| कुल जम्मा | | ९२ | १०० | १२३ | १०० |

***स्रोत :*** *केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०५८ र २०६८*

माथिको तालिका १ मा राष्ट्रिय जनगणना २०५८ मा भारोपेली परिवारको भाषाको सङ्ख्या ३० रहेकोमा २०६८ मा १९ वटाले थपिएर ४९ वटा पुगेको छ । त्यसैगरी चीन तिब्बती भाषाको सङ्ख्या २०५८ मा ५८ रहेकोमा १२ वटाले थपिएर ७० पुगेको छ । यसैगरी वक्ता सङ्ख्या पनि बढेको छ । आग्नेसियाली र द्रविड भाषा परिवारका भाषा सङ्ख्या २०५८ र २०६८ मा २/२ र वक्ता सङ्ख्याको प्रतिशत पनि समान रहेको छ । २०५८ र २०६८ मा एकल भाषा परिवारको सङ्ख्या १/१ रहेको र २०५८ मा ८७ जना वक्ता रहेकोमा २०६८ मा ५९ जनाले घटेर २८ जना रहेको देखिन्छ । उल्लेख नभएको भाषा परिवारको सङ्ख्या २०५८ र २०६८ मा देखिँदैन भने २०५८ मा ०.७४ प्रतिशत र २०६८ मा ०.१८ प्रतिशत वक्ता सङ्ख्याको भाषा उल्लेख नभएको देखिन्छ । २०५८ मा अन्य भाषा परिवारको भाषा सङ्ख्या र वक्ता प्रतिशत छैन भने २०६८ मा ०.०७ प्रतिशत वक्ताको स्पष्ट भाषा नभएको देखिएको छ ।

यसरी वि.सं. २०५८ मा ९२ रहेको नेपालको भाषा वि.सं. २०६८ मा ३१ वटाले बढेर १२३ पुगेको देखिन्छ । नेपालको विभिन्न जनगणनाको तथ्याङ्क हेर्दा भाषासम्बन्धी तथ्याङ्क फरक फरक देखिन्छ । यसो हुनुमा भाषाको व्यवस्थित, वैज्ञानिक गणना हुन नसक्नु, पूर्ण भाषावैज्ञानिक तथा समाजभाषावैज्ञानिक रूपमा भाषाको अध्ययन नहुनु आदिले यस्तो समस्या आएको भनेर विश्लेषण गर्न सकिन्छ । यसतर्फ सम्बन्धित निकायले विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।

भारोपेली र भोटबर्मेली भाषा परिवारमा भाषा सङ्ख्या वि. सं. २०५८ भन्दा वि.सं. २०६८ मा बढी देखिनुका कारणहरू राजनीतिक रूपमा क्षेत्र विभाजन गर्नु, एउटै भाषाका विविध भेदलाई छुट्याउनु, भाषिकालाई पनि भाषाको मान्यता दिनु, वैज्ञानिक भाषिक जनगणना हुन नसक्नु, गणकहरू तालिम प्राप्त नहुनु, भाषिक चेतनाका कारण स्व-पहिचानको लागि आफ्नो भाषाको संरक्षणमा व्यक्ति, समुदाय, संस्था लाग्नु आदि कारणहरू रहेका कुरा विभिन्न भाषाविद्हरूले उल्लेख गरेका छन् ।

**क) भारोपेली भाषापरिवार**

विश्वमा नै सबैभन्दा बढी वक्ता भएको यस परिवारका भाषहरूको वक्ताको सङ्ख्या नेपालमा पनि सबैभन्दा धेरै रहेको छ। राष्ट्र भाषा नेपाली पनि भारोपेली परिवारअन्तर्गतको नै भाषा हो (गौतम र चौलागाई, २०७० पृ. ३७१) । नेपाली, मैथिली जस्ता समृद्ध साहित्य भएको भाषाहरू यसै भाषापरिवार अन्तर्गत पर्दछन् । नेपालको राष्ट्रिय जनगणना २०५८ र २०६८ अनुसार भारोपेली भाषापरिवारमा पर्ने नेपालका भाषाहरूको तुलनात्मक अवस्थानिम्न तालिका प्रस्तुत गरिएको छ :

**तालिका २ : नेपालमा बोलिने भारोपेली परिवारका भाषाहरूको तुलना २०५८ र २०६८**

| क्र. सं. | भाषा परिवार | राष्ट्रिय जनगणना २०५८ | | | राष्ट्रिय जनगणना २०६८ | | |
|---|---|---|---|---|---|---|---|
| | भारोपेली | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
| १. | | नेपाली | ४८.६ | ११०५३२५५ | नेपाली | ४४.६ | ११८२६९५३ |
| २. | | मैथिली | १२.३० | २७९७५८२ | मैथिली | ११.७ | ३०९२५३० |
| ३. | | भोजपुरी | ७.५३ | १७१२५३६ | भोजपुरी | ६.७ | १५८४९५८ |
| ४. | | थारू | ५.६८ | १३३१५४६ | थारू | ५.८ | २५२९८७५ |
| ५. | | बज्जिका | १.०५ | २३७९४७ | बज्जिका | २.९९ | ७९३४१६ |
| ६. | | - | - | - | डोटेली | २.९७ | ७८७८२७ |
| ७. | | उर्दू | ०.७७ | १७४८४० | उर्दू | २.६ | ६९१५४६ |
| ८. | | अवधी | २.२७ | ५६०७४४ | अवधी | १.९ | ५०१७५२ |
| ९. | | - | - | - | बैतडेली | १.०३ | २७२५२४ |
| १०. | | - | - | - | आछामी | ०.५४ | १४२७८७ |
| ११. | | राजबंशी | ०.५७ | १२९८२९ | राजबंशी | ०.८ | १२२२१४ |
| १२. | | हिन्दी | ०.४७ | १०५७६५ | हिन्दी | ०.३ | ७७५६९ |
| १३. | | - | - | - | बझाङी | ०.२६ | ६७५८१ |
| १४. | | दनुवार | ०.१४ | ३१८४९ | दनुवार | ०.२ | ४५८२१ |
| १५. | | मगही | ०.१ | ३० | मगही | ०.१३ | ३५६१४ |
| १६. | | राजस्थानी/ माडबारी | ०.१० | २२६३७ | राजस्थानी | ०.१० | २५३९४ |
| १७. | | माझी | ०.१० | २१८४१ | माझी | ०.०८ | २४४२२ |
| १८. | | बाङ्ला/ बङ्ग्याली | ०.१० | २३६०२ | बाङ्ला/ बङ्ग्याली | ०.०८ | २१०६१ |
| १९. | | - | - | - | ताजपुरिया | ०.०७ | १८८११ |
| २०. | | अङ्गिका | ०.०७ | १५८९२ | अङ्गिका | ०.०७ | १८५५५ |
| २१. | | कुमाल | ०.०३ | ६५३३ | कुमाल | ०.०४ | १२२२२ |
| २२. | | दराई | ०.०४ | १०२१० | दराई | ०.१० | ११६७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३. | | - | - | - | बाजुरेली | ०.०४ | १०७०४ |
| २४. | | बोटे | ०.०१ | २८२३ | बोटे | ०.०३ | ८७६६ |
| २५. | | - | | - | दार्चुलेली | ०.०२ | ५९२८ |
| २६. | | साङ्केतिक भाषा | ०.०३ | ५७४३ | साङ्केतिक भाषा | ०.०२ | ४४७६ |
| २७. | | - | - | - | गन्गाइ | ०.०१ | ३६१२ |
| २८. | | - | - | - | दैलेखी | ०.०१ | ३१०२ |
| २९. | | अङ्ग्रेजी | ०.०० | १०३७ | अङ्ग्रेजी | ०.०१ | २०३२ |
| ३०. | | - | - | - | खस | ०.०१ | १७४७ |
| ३१. | | संस्कृत | ०.०० | ८२३ | संस्कृत | ०.०१ | १६६९ |
| ३२. | | किसान | ०.०० | ४८९ | किसान | ०.०० | ११७८ |
| ३३. | | चुरौटी | ०.०० | ४०८ | मुसल्मान | ०.०० | १०७५ |
| ३४. | | हरियान्वी | ०.०० | ३३ | हरियान्वी | ०.०० | ८८९ |
| ३५. | | - | - | - | जुम्ली | ०.०० | ८५१ |
| ३६. | | पन्जाबी | ०.०१ | ११६५ | पन्जाबी | ०.०० | ८०८ |
| ३७. | | उडिया | ०.०० | १५९ | उडिया | ०.०० | ५८४ |
| ३८. | | - | - | - | सोनाहा | ०.०० | ५७९ |
| ३९. | | सिन्धी | ०.०० | ७२ | सिन्धी | ०.०० | ५१८ |
| ४०. | | - | - | - | डडेलधुरी | ०.०० | ४८८ |
| ४१. | | आसामी | ०.०० | ३ | आसामी | ०.०० | ४६७ |
| ४२. | | - | - | - | माल्पाँडे | ०.०० | २४७ |
| ४३. | | कुर्माली | ०.०० | १३ | कुर्माली | ०.०० | २२७ |
| ४४. | | सधानी | ०.०० | २ | सधानी | ०.०० | १२२ |
| ४५. | | - | - | - | गढवाली | ०.०० | ३८ |
| ४६. | | - | | - | फ्रेन्च/ फ्रान्सेली | ०.०० | ३४ |
| ४७. | | - | | - | रसियाली | ०.०० | १७ |
| ४८. | | - | | - | स्पेनेली | ०.०० | १६ |
| ४९. | | - | | - | अरबी | ०.०० | ८ |

***स्रोत :*** *केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०५८ र २०६८*

तालिका नं. २ मा नेपालको राष्ट्रिय जनगणना २०५८ र २०६८ अनुसार भारोपेली भाषाका वक्ताहरू दिइएको छ। भारोपेली भाषा परिवारमा राष्ट्रिय जनगणना २०५८ मा ३० वटा भाषाहरू रहेकोमा राष्ट्रिय जनगणना २०६८ मा १९ वटा भाषा थपिएर ४९ भाषा भएको देखिन्छ। डोटेली, बैतडेली, अछामी, बझाङी, ताजपुरिया, बाजुरेली, दार्चुलेली, गन्गाई, दैलेखी, खस, जुम्ली, सोनहा, डडेलधुरी, मालपाँडे, गढवाली, फ्रान्सेली, रसियाली, स्पेनेली र अरबी भाषाहरू २०६८ मा थप भएका भारोपेली भाषा परिवारका भाषाहरू हुन्। भारोपेली भाषाका मुख्य भाषाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

**नेपाली भाषा**

नेपालमा बोलिने भाषाहरूमा सबैभन्दा समृद्ध भाषा नेपाली हो । यो भारोपेली परिवारको संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकसित भएको भाषा हो (गौतम र चौलागाईं, २०७०, पृ.३७१) । नेपालमा नेपाली भाषाले राष्ट्रभाषा, सम्पर्क भाषा, शिक्षा, सञ्चार, प्रशासन तथा प्रकाशनको माध्यम भाषा बन्ने सौभाग्य पाएको छ । मेचीदेखि महाकालीसम्म नेपालमा मातृभाषा र दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गरिन्छ भने यसका साथै भारतका विभिन्न ठाउँहरू, भूटान, बर्मा आदि देशमा समेत नेपाली भाषी वक्ताहरू पाइन्छन् । करिब १००० वर्ष पुरानो इतिहास बोकेको नेपाली भाषा ज्ञान, विज्ञान, कला, धर्म सांस्कृतिक दृष्टिले समृद्ध छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यसको वक्ता सङ्ख्या ४४.६ प्रतिशत रहेको छ ।

**मैथिली भाषा**

नेपाली भाषापछि दोस्रो स्थानमा रहेको भाषा मैथिली हो । संस्कृत भाषाको मागधी प्राकृत भेदबाट विकसित मैथिली मिथिला क्षेत्रमा बोलिने भएकाले यस भाषाको नाम मैथिली नामाकरण गरिएको हो । यो भाषा नेपालका पूर्वी तराई रौतहटको गौरदेखि सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, मोरङ, सुनसरी र झापासम्म बोलिन्छ (शर्मा र लुइटेल, २०६०, पृ. ३०५) । यस भाषामा साहित्यलेखन, पत्रिका प्रकाशन, रेडियो तथा टि.भि.मा समाचार तथा अन्य कार्यक्रम प्रसारण, फिल्म, टेलिफिल्म निर्माण जस्ता कार्यहरू भएका छन् । पहिले तिरहुता लिपिमा लेखिने मैथिली अहिले देवनागरी लिपिमा नै लेखिनेगरिएको छ । यस भाषालाई नेपालमा प्राथमिक तहदेखि उच्च शिक्षासम्म पढ्न पाउने व्यवस्था समेत रहेको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यसको वक्ता सङ्ख्या ११.७ प्रतिशत रहेको छ ।

**भोजपुरी भाषा**

भोजपुरी भाषा पनि मागधी प्राकृतिक भाषाबाट विकसित भएको भाषा हो । भारतको प्राचीन नगर भोजपुरमा बोलिने भएकाले यस भाषाको नाम भोजपुरी रहन गएको हो । त्यसो त नेपालमा पनि भोजपुर जिल्ला छ तर नेपालको भोजपुर जिल्लासँग यस भाषाको कुनै सम्बन्ध देखिँदैन । नेपालभन्दा भारतमा बढी बोलिने यो भाषा नेपालका बारा, पर्सा, रौतहट, चितवन, रूपन्देही आदि जिल्लाहरूमा बोलिन्छ । पहिले कैथि लिपिमा लेखिने भोजपुरी भाषा हाल देवनागरी लिपिमा नै लेखिन्छ । प्राचीन साहित्य र लोक साहित्यमा भोजपुरी भाषा समृद्ध मानिन्छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यसको वक्ता सङ्ख्या ६.७ प्रतिशत रहेको छ ।

**थारु भाषा**

यो भाषा मागधी प्राकृताबाट विकसित भएको ठानिन्छ । मोरङ, सुनसरी, सप्तरी, चितवन, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका तराई र भित्रीमदेश नै यस भाषाका वक्ताहरूको मूल थलो हो (ढकाल, २०६६, पृ. ३८२) । थारु जातिले प्रयोग गर्ने भएकाले यस भाषालाई थारु भाषा भनिन्छ । थारुहरू नेपालका प्राचीन जाति हुन् । अंशुवर्माको शिलालेखमा थारु शब्द प्रयोग गरिनुले यसको प्राचीनतालाई झल्काउँछ । थारु भाषा नेपालको तराईका जिल्लाहरू पूर्वदेखि पश्चिमसम्मका थारु समुदायमा यस भाषाको प्रयोग गरिन्छ । मैथिली, भोजपुरी, हिन्दी आदि भाषाहरूबाट प्रभावित थारु भाषामा ठाउँ अनुसार विविधता पाइन्छ । थारु भाषामा पुरानो साहित्यिक परम्परा नभए पनि अहिले यस भाषामा पत्रिका प्रकाशन गर्ने,

शब्दकोश तथा व्याकरण लेख्ने कार्यका सुरुवात भइरहेको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यसको वक्ता सङ्ख्या ५.८ प्रतिशत रहेको छ ।

**अवधि भाषा**

यो भाषा भारतको उत्तर प्रदेशको अवध क्षेत्रमा बोलिने भएकाले यसको नाम अवधि भएको हो । यो भाषा नेपालको नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जस्ता जिल्लामा बोलिन्छ (ढकाल, २०६६, पृ. ३८२) । अवधि भाषा पनि संस्कृतको अर्धमागधी प्राकृत भाषाबाट विकसित भएको भाषा हो । लोकसाहित्यको ठूलो भण्डार भएको अवधि भाषा पहिले स्वतन्त्र भाषाका रूपमा प्रतिष्ठित भए तापनि हाल यसलाई हिन्दी भाषाको क्षेत्रीय भेदका रूपमा पनि लिइन्छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार यसको वक्ता सङ्ख्या १.९ प्रतिशत रहेको छ ।

**उर्दू भाषा**

नेपालको तराईका जिल्लाहरूमा बोलिने उर्दू भाषीहरूको संख्या नेपालमा एकदमै न्यून छ । नेपालमा न्यून भए पनि भारत र पाकिस्तानमा यस भाषाले राष्ट्रभाषाको सम्मान पाएको छ । पाकिस्तानमा त प्रमुख राष्ट्रभाषा नै उर्दू हो । साहित्यिक दृष्टिले उर्दू भाषा निकै सम्पन्न छ । यो भाषा अरबी लिपिमा लेखिन्छ (गौतम र चौलागाई, २०७०, पृ. ३७३) । नेपालमा राष्ट्रिय जनगणना २०६८ अनुसार २.६ प्रतिशत जनसंख्याले मातृभाषाको रूपमा यस भाषाको प्रयोग गर्ने गरेको तथ्याङ्क छ ।

**राजबंशी भाषा/ताजपुरिया**

वि.सं. २०६८ को जनगणना अनुसार ०.८ प्रतिशतले मातृभाषाको रूपमा प्रंयोग गर्ने राजवंशी भाषा मोरङ र झापा जिल्लामा राजवंशी जातिले बोल्ने गर्दछन् । यस भाषालाई ताजपुरी भाषा पनि भनिन्छ । यस भाषाको उत्पत्ति थलो आसाम क्षेत्र र उत्तर-पूर्वी बङ्गाल हो (गौतम र चौलागाई, २०७०, पृ. ३७३) । यो भाषामा साहित्य सिर्जना भएको छैन ।

**हिन्दी भाषा**

वि.सं. २०६८ को जनगणना अनुसार ०.३ प्रतिशत जनसंख्याले नेपालमा मातृभाषाको रूपमा हिन्दी भाषाको प्रयोग गर्दछन् । यो भाषा भारतको राष्ट्रभाषा हो भने दक्षिण एशियाकै प्रभावशाली भाषाका रूपमा चिनिन्छ । यो भाषा मुख्य रूपमा नेपालको तराईका जिल्लाहरूमा बोलिने गर्दछ भने अन्य शहरहरूमा आएका व्यापारीहरूले पनि हिन्दी भाषाको प्रयोग गर्ने गरेको पाइन्छ । हिन्दी भाषा साहित्य सिर्जनाका दृष्टिले समृद्ध भाषाको रूपमा चिनिन्छ ।

**दनुवारी भाषा**

दनुवार जातिले बोल्ने भएकाले यस भाषालाई दनुवारी भाषा भनिन्छ । नेपालको सिन्धुली, सर्लाही, रौतहट, उदयपुर, झापा, मोरङ, काभ्रे आदि जिल्लाको भित्री मधेस र तिनका छेउछाउमा बसोबास गर्ने दनुवारहरूले यस भाषाको प्रयोग गर्दछन् (शर्मा र लुइटेल, २०६०, पृ.३०७) । लेख्य रूप नभएको दनुवारी भाषा अन्य भाषाहरूसँगको प्रभावका कारणले प्रशस्त विविधता पाइन्छ । वि.सं. २०६८ को जनगणना अनुसार ०.२ प्रतिशत जनसंख्याले नेपालमा मातृभाषाको रूपमा दनुवारी भाषाको प्रयोग गर्दछन् ।

**माझी भाषा**

नेपालका ठूला नदीका किनारहरूमा बसोबास गर्ने र डुङ्गा तार्ने, माछा मार्ने जातिलाई माझी भनिन्छ भने उनीहरूले बोल्ने भाषा नै माझी हो । यस भाषाको लिखित साहित्य विकास भएको छैन । कतिपय भाषाशास्त्रीहरूले माझी र बोटे एउटै भाषा हुन् भन्ने मान्यता राखेको पाइन्छ किनभने बोटे भनिनेहरूले नै माझी लेख्ने गरेको पाइन्छ। नेपालमा वि.सं. २०६८ को जनगणना अनुसार ०.०८ प्रतिशत जनसंख्याले यस भाषालाई मातृभाषाको रूपमा बोल्ने गर्दछन् ।

**दरै भाषा**

दरै जातिको बसोबास भएका नेपालका जिल्लाहरू चितवन, पाल्पा, तनहुँ आदिमा दरै भाषा बोलिन्छ । यस भाषामा कुनै पनि लिखित साहित्य छैन । अन्य भाषाहरूको प्रभावमा परेर दरै भाषामा पनि प्रशस्त विविधता आएको छ । २०६८ को जनगणना अनुसार नेपालमा ०.०१ प्रतिशत जनसंख्याले मातृभाषाको रूपमा यो भाषा बोल्ने गर्दछन् ।

**कुमाल भाषा**

कुमाले भाषा अर्धमागधी प्राकृतबाट विकसित भाषा हो (गौतम र चौलागाई, २०७०, पृ. ३७५) ।माटाका भाँडा बनाउने जाति कुमालहरूले बोल्ने भाषालाई कुमालले भाषा भनिन्छ । कुमाले भाषाका वक्ताहरू नेपालका स्याङ्जा, पाल्पा, नवलपरासी, पर्वत आदि जिल्लाहरूमा बसोबास गर्दछन् । नेपाली लगायत अन्य भाषाको प्रभावमा परेर लोपोन्मुख अवस्थामा रहेको कुमाले भाषाको प्रयोग गर्नेहरूको संख्या ०.०४ प्रतिशत वि.सं. २०६८ को जनगणनाले देखाएको छ ।

**चुरेटी भाषा**

नेपालका पहाडी जिल्लाहरूमा चुरापोतेको व्यापार गर्ने घुमन्ते व्यापारीहरूलाई चुरेटा भनिन्छ । उनीहरूले प्रयोग गर्ने भाषा नै चुरेटी हो । यस भाषाको लिखित रूप र लिपि छैन । २०६८ को जनगणना अनुसार नेपालमा यो भाषा प्रयोगकर्ताको सङ्ख्या १०७५ जना मात्र रहेको छ ।

**बंगाली भाषा**

बङ्गाली भाषा संस्कृतको मागधी प्राकृत र मागधी अपभ्रंशबाट विकसित भएको हो (गौतम र चौलागाई, २०७०, पृ. ३७५) । भारतको पश्चिम बंगाल र बंगलादेशको प्रमुख भाषा बंगाली नेपालका झापा र मोरङ जिल्लामा बोलिन्छ । यो अत्यन्त सम्पन्न साहित्य भएको भाषा हो । यो भाषा कुटिला लिपिमा लेखिन्छ । यसै भाषाका कवि रवीन्द्रनाथ ठाकुर साहित्यमा नोबेल पुरस्कार प्राप्त गर्ने पहिलो भारतीय नागरिक हुन् । नेपाली भाषाको पनि यस भाषासँग गहिरो सम्बन्ध रहेको छ । २०६८ को जनगणना अनुसार नेपालमा यो भाषा प्रयोगकर्ता ०.०७ प्रतिशत रहेका छन् ।

**मारवाडी भाषा**

भारतको राजस्थान पश्चिम क्षेत्रबाट नेपाल आएका मारवाडीहरूले बोल्ने भाषा नै मारवाडी भाषा हो । व्यापारको सिलसिलामा नेपाल आएकाहरूले नेपालमा पनि यस भाषालाई स्थापित गरेका छन् । नेपालका प्रमुख उद्योगी र व्यापारीहरू मारवाडी नै छन्, उनीहरूले नै यस भाषाको प्रयोग गर्दछन् । नागरिक लिपिमा

लेखिने यस भाषाको आफ्नै लिपि र साहित्य पनि छ। २०६८ को जनगणना अनुसार नेपालमा ०.१ प्रतिशत जनसंख्या मातृभाषाको रूपमा मारवाडी प्रयोग गर्ने रहेको छ।

उपर्युक्त भाषाहरूका साथै मगही र अंग्रेजी भाषा पनि भारोपेली भाषापरिवार अन्तर्गतका भाषाहरू हुन्। अत्यन्त न्यून जनसंख्या मानिएको मगही भाषा हिन्दी भाषाको भेद मानिन्छ भने अंग्रेजी भाषा अन्तर्राष्ट्रिय भाषाको मान्यता पाएको र प्राथमिक तहदेखि उच्च तहसम्म शिक्षाको माध्यम मानिएको भाषा हो। यस भाषाका पनि नेपालमा मातृभाषी जनसंख्या भएको मानिन्छ तर संख्यामा भने न्यूनता नै छ।

**ख) भोटबर्मेली भाषापरिवार**

यस भाषा परिवारलाई चिनियाँ तिब्बती भाषा परिवार पनि भनिन्छ। नेपालमा भारोपेली भाषापरिवार पछिको धेरै जनसंख्या यसै भाषापरिवारमा छ। भाषा संख्याका दृष्टिले भने भारोपेली भाषापरिवारका भन्दा पनि बढी भाषाहरू यस भाषापरिवारका छन्। यस भाषापरिवारका वक्ताहरू चीन, तिब्बत, बर्मा, नेपाल, भारत, भुटान, बंगलादेश, थाइल्यान्ड, भियतनाम आदि देशहरूमा बोलिन्छ। यस भाषा परिवारका तामाङ, नेवारी, मगर, राई, थकाली, जिरेल, मेचे, सुनुवारी, हायु, ब्याँसो राउटे, पहरी, लेप्चा, दूरा, राजी, कागते आदि भाषाहरू नेपालमा बोलिन्छन्। तामाङ यस परिवारको सबभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषा हो (बन्धु, २०७३, पृ. २१३)। यस भाषापरिवारका प्रमुख भाषाहरूको संक्षिप्त चिनारी यहाँ प्रस्तुत गरिएको छ।

**तालिका ३ : नेपालमा बोलिने भोटबर्मेली परिवारका भाषाहरूको तुलना २०५८ र २०६८**

| क्र. सं. | भाषा परिवार | राष्ट्रिय जनगणना २०५८ | | | राष्ट्रिय जनगणना २०६८ | | |
|---|---|---|---|---|---|---|---|
| | भोटबर्मेली | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
| १. | | तामाङ | ५.१९ | ११७९१४५ | तामाङ | ५.११ | १३५३३११ |
| २. | | नेवार | ३.६३ | ८२५४५८ | नेवार | ३.२० | ८४६५५७ |
| ३. | | मगर | ३.९३ | ७७०११६ | मगर | २.८९ | ७८८५३० |
| ४. | | लिम्बु | १.४७ | ३३३६३३ | लिम्बु | १.३० | ३४३६०३ |
| ५. | | गुरुङ | १.४९ | ३३८९२५ | गुरुङ | १.२३ | ३२५६२२ |
| ६. | | राई | - | - | राई | ०.६० | १५९११४ |
| ७. | | बान्तवा | १.६३ | ३७१०५६ | बान्तवा | ०.५० | १३२५८३ |
| ८. | | शेर्पा | ०.५७ | १२९७७१ | शेर्पा | ०.४३ | ११४८३० |
| ९. | | चाम्लिङ | ०.२० | ४४०९३ | चाम्लिङ | ०.२९ | ७६८०० |
| १०. | | चेपाङ | ०.१६ | ३६८०७ | चेपाङ | ०.१८ | ४८४३६ |
| ११. | | सुनुवार | ०.१२ | २६६११ | सुनुवार | ०.१४ | ३७८९८ |
| १२. | | कुलुङ | ०.०८ | १८६८६ | कुलुङ | ०.१३ | ३३१७० |
| १३. | | खाम (मगर) | - | - | खाम (मगर) | ०.१० | २७११३ |
| १४. | | थाङ्मी | ०.०८ | १८९९१ | थाङ्मी | ०.०९ | २३१५१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५. | | भुजेल | ०.०५ | १०७३३ | भुजेल | ०.०८ | २१७१७ |
| १६. | | थुलुङ | ०.०५ | १४०३४ | थुलुङ | ०.०८ | २०६५९ |
| १७. | | याक्खा | ०.०६ | १४६४८ | याक्खा | ०.०७ | १९५५८ |
| १८. | | धिमाल | ०.०८ | १७३०८ | धिमाल | ०.०७ | १९३०० |
| १९. | | साम्पाङ | ०.०५ | १०८१० | साम्पाङ | ०.०७ | १८२७० |
| २०. | | खालिङ | ०.०३ | ९२८८ | खालिङ | ०.०५ | १४४६७ |
| २१. | | वाम्बुले | ०.०२ | ४४७१ | वाम्बुले | ०.०५ | १३४७० |
| २२. | | बाहिङ | ०.०१ | २७६५ | बाहिङ | ०.०४ | ११६५८ |
| २३. | | चहोल्मो | ०.०२ | ३९८६ | चहोल्मो | ०.०४ | १०१६७ |
| २४. | | नाछेरिङ | ०.०२ | ३५५३ | नाछेरिङ | ०.०४ | १००४१ |
| २५. | | याम्फु | ०.०१ | १७२२ | याम्फु | ०.०३ | ९१०८ |
| २६. | | घले | ०.०१ | १६४९ | घले | ०.०३ | ८०९२ |
| २७. | | दुमी | ०.०२ | ५२७१ | दुमी | ०.०३ | ७६३८ |
| २८. | | लाप्चा | ०.०१ | २८२६ | लाप्चा | ०.०३ | ७४९९ |
| २९. | | पुमा | ०.०२ | ४३१० | पुमा | ०.०३ | ६६८६ |
| ३०. | | दुङ्माली | ०.०० | २२१ | दुङ्माली | ०.०२ | ६२६० |
| ३१. | | आठपरिया | - | - | आठपरिया | ०.०२ | ५५३० |
| ३२. | | थकाली | ०.०३ | ६४४१ | थकाली | ०.०२ | ५२४२ |
| ३३. | | जिरेल | ०.०२ | ४९१९ | जिरेल | ०.०२ | ४८२९ |
| ३४. | | मेवाहाङ | ०.०० | ९०४ | मेवाहाङ | ०.०२ | ४६५० |
| ३५. | | तिब्बती | ०.०२ | ५२७७ | तिब्बती | ०.०२ | ४४४५ |
| ३६. | | मेचे | ०.०१ | ३३०१ | मेचे | ०.०२ | ४३७५ |
| ३७. | | छन्त्याल | ०.०३ | ५९१२ | छन्त्याल | ०.०२ | ४२८३ |
| ३८. | | राजी | ०.०१ | २४१३ | राजी | ०.०१ | ३७५८ |
| ३९. | | लोहोरुङ | ०.०१ | १२०७ | लोहोरुङ | ०.०१ | ३७१६ |
| ४०. | | छिन्ताङ | ०.०० | ८ | छिन्ताङ | ०.०१ | ३७१२ |
| ४१. | | पहरी | ०.०१ | २९९५ | पहरी | ०.०१ | ३४५८ |
| ४२. | | ल्होपा | - | - | ल्होपा | ०.०१ | ३०२९ |
| ४३. | | दुरा | ०.०२ | ३३९७ | दुरा | ०.०१ | २१५६ |
| ४४. | | कोचे | ०.०० | ५४ | कोचे | ०.०१ | २०८० |
| ४५. | | छिलिङ | ०.०१ | १३१४ | छिलिङ | ०.०१ | २०४६ |
| ४६. | | जेरो/जेरुङ | ०.०० | २७१ | जेरो/जेरुङ | ०.०१ | १७६३ |
| ४७. | | डोल्पाली | - | - | डोल्पाली | ०.०१ | १६६७ |
| ४८. | | हायु | ०.०१ | १७४३ | हायु | ०.०१ | १५२० |
| ४९. | | तिलुङ | ०.०० | ३१० | तिलुङ | ०.०१ | १४२४ |
| ५०. | | कोयी | ०.०१ | २६४१ | कोयी | ०.०० | १२७१ |
| ५१. | | वालिङ | - | - | वालिङ | ०.०० | ११६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५२. | | ल्होमी | ०.०० | ४ | ल्होमी | ०.०० | ८०८ |
| ५३. | | बेलहारे | - | - | बेलहारे | ०.०० | ५९९ |
| ५४. | | ब्याँसी | ०.०१ | १७३४ | ब्याँसी | ०.०० | ४८० |
| ५५. | | खाम्ची (राउटे) | ०.०० | ५१८ | खाम्ची (राउटे) | ०.०० | ४६१ |
| ५६. | | साम | ०.०० | २३ | साम | ०.०० | ४०१ |
| ५७. | | मनाङे | - | - | मनाङे | ०.०० | ३९२ |
| ५८. | | धुलेली | - | - | धुलेली | ०.०० | ३४७ |
| ५९. | | फाङ्दुआली | - | - | फाङ्दुआली | ०.०० | २९० |
| ६०. | | सुरेल | - | - | सुरेल | ०.०० | २८७ |
| ६१. | | चिनियाँ | ०.०० | ११०१ | चिनियाँ | ०.०० | २४२ |
| ६२. | | बराम | ०.०० | ३४२ | बराम | ०.०० | १५५ |
| ६३. | | लिङ्खिम | ०.०० | ९७ | लिङ्खिम | ०.०० | १२९ |
| ६४. | | कागते | ०.०० | १० | कागते | ०.०० | ९९ |
| ६५. | | जोङ्खा | ०.०० | ९ | जोङ्खा | ०.०० | ८० |
| ६६. | | बनकरिया | - | - | बनकरिया | ०.०० | ६९ |
| ६७. | | काइके | ०.०० | ७९४ | काइके | ०.०० | ५० |
| ६८. | | मिजो | ०.०० | ८ | मिजो | ०.०० | ३२ |
| ६९. | | कुकी | ०.०० | ९ | कुकी | ०.०० | २९ |
| ७०. | | नागामी | ०.०० | ६ | नागामी | ०.०० | १० |

***स्रोत :** केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०५८ र २०६८*

माथिको तालिका नं. ३ मा नेपालको राष्ट्रिय जनगणना २०५८ र २०६८ मा रहेका भोटबर्मेली भाषा परिवारका भाषाहरूको सङ्ख्या र प्रतिशतलाई तुलनात्मक रूपमा देखाइएको छ । राष्ट्रिय जनगणना २०५८ मा ५८ रहेकोमा राष्ट्रिय जनगणना २०६८ मा १२ वटा भाषा थपिएर ७० भएको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ मा राई, खाम (मगर), आठपहरिया, ल्होपा, डोल्पाली, वालिङ, बेलहारे, मनाङे, धुलेली, फाङ्दुआली, सुरेल र बनकरिया भाषाहरू थप भएका देखिन्छन् । भोटबर्मेली भाषा परिवारका मुख्य भाषाहरूलाई निम्न बमोजिम विश्लेषण गरिएको छः

**तामाङ भाषा**

तामाङ भाषा भोटबर्मेली भाषापरिवारअन्तर्गत नेपालमा सबैभन्दा बढी जनसंख्या भएको भाषा हो । यो भाषा नेपाल भित्र र बाहिर बोलिने गर्दछ । नेपालमा मकवानपुर, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रे, धादिङ, रामेछाप, सिन्धुली, आदि जिल्लाहरूमा बोलिन्छ भने नेपाल बाहिर दार्जिलिङ, सिक्किम, आसाम, नागालैन्ड, भुटान, बर्मा आदि ठाउँहरूमा बोलिन्छ । लेख्य साहित्यको भरखरै सुरुवात गरिएको यस भाषाले नेपालमा रेडियो, पत्रपत्रिका, आदिमा पनि प्रवेश पाएको छ भने प्राथमिक तहदखि उच्च तहसम्मको अध्ययनका लागि पनि स्वीकृत भाषा हुन पुगेको छ । यस भाषाका प्राचीन कृतिहरू तिब्बती लिपिमा लेखिएका भए पनि हिजोआज देवनागरी लिपिमा लेख्न थालेको पाइन्छ (ढकाल, २०६६, पृ. ३८४-३८५) । वि.सं. २०६८ को जनगणना अनुसार यस भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरू नेपालमा ५.१० प्रतिशत छन् ।

**नेवारी भाषा**

नेवार जातिले प्रयोग गर्ने भाषालाई नेवारी भाषा भनिन्छ । यो भाषा मुख्य रूपमा काठमाडौं उपत्यकामा बोलिन्छ भने यसका साथसाथै दोलखा, काभ्रे, रामेछाप, सिन्धुली, आदि जिल्लाहरूका साथै व्यापारिक दृष्टिले अन्यत्र गई बसोबास गरेका नेवारहरू यस भाषाका वक्ता हुन् । पहिले नेवारी लिपि र क्योमोल, गोलमोल, भुँजिमोल, रञ्जना, लुतिमोल आदि शैलीमा लेखिएको पाइएता पनिअहिले यस भाषामादेवनागरी लिपिको प्रयोग भएको पाइन्छ (शर्मा र लुइटेल, २०६०, पृ.३१०) । आफ्नै समृद्ध साहित्य भएको यस भाषामा पत्रपत्रिका प्रकाशन, साहित्य लेखन, फिल्म, टेलिफिल्म निर्माण र गीत गायनका कार्यहरू प्रशस्त भएको पाइन्छ। वि.सं. २०६८ को जनगणना अनुसार नेवारी भाषी प्रयोगकर्ताहरू नेपालमा ३.२० प्रतिशत छन् ।

**मगर भाषा**

मगर भाषा नेपालका पाल्पा, तनहुँ, नवलपरासी स्याङ्जा, उदयपुर, सिन्धुली, रोल्पा, दैलेख, सल्यान, सुर्खेत, आदि जिल्लाहरूमा बोलिन्छ । यस भाषालाई मगर ढुट र मगर खास गरी छुट्टा छुट्टै भाषाको रूपमा पनि लिने गरिन्छ। यसलाई लाङ्घाली, लाखाली काइकेलीका नामले पनि पुकारेको पाइन्छ (ढकाल, २०६६, पृ. ३८५) । मगर भाषा आख्वा लिपिमा लेखिन्छ। मगर भाषाले रेडियो नेपालमा समाचार वाचनमा प्रवेश पाएको छ भने यस भाषामा शब्दकोश, व्याकरण, पत्रपत्रिका लेखन कार्यको पनि सुरुवात भएको छ। वि.सं. २०६८ को जनगणना अनुसार यस भाषाको प्रयोग गर्ने मातृभाषीको संख्या २.९८ प्रतिशत रहेको छ ।

**राई-किराँतीभाषा**

राई-किराँती भाषासमूहको नाम हो । यस भित्र अनेकौं थरीका राई भाषाहरू रहेका छन् । राई जातिका थरहरू अनुसार भाषाहरू पनि फरक-फरक भएको पाइन्छ । बान्तवा, चाम्लिङ, खालिङ, आठपहरिया, कुलुङ, थुलुङ, छुलुङ, आदि २१ थरी राई जातिको सामूहिक नाम राई-किराँती हो । यिनीहरूको भाषामा कतिपय भाषाहरू परस्पर बोधगम्य छन् भने कतिपय राई भाषा एकापसमा अबोधगम्य छन्। राई भाषाको प्रयोग क्षेत्र धनकुटा, खोटाङ, उदयपुर, भोजपुर, इलाम, संखुवासभा, रामेछाप आदि जिल्लाहरू हुन् । राई-किराँती भाषा श्रीजङ्गा लिपिमा लेखिन्छ। यसलाई मातृभाषाको रूपमा बोल्नेहरूको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ०.६० प्रतिशत रहेको छ।

**लिम्बु भाषा**

लिम्बु जातिका मानिसहरूले प्रयोग गर्ने भाषा नै लिम्बु भाषा हो । यस भाषाका प्रयोगकर्ताहरू धनकुटा, पाँचथर, संखुवासभा, तेह्रथुम, ताप्लेजुङ, इलाम, सुनसरी, मोरङ, झापा आदि जिल्लाहरूमा पाइन्छन्। लोक साहित्यका दृष्टिले सम्पन्न मानिने लिम्बु भाषाको आफ्नै श्रीजङ्गा वा सिरीजङ्गा लिपि छ तर अहिले यो भाषा पनि देवनागरी लिपिमा लेखिन्छ। यिनीहरूको धर्म ग्रन्थ 'मुन्धुम' यसै लिपिमा नै लेखिएको छ (ओझा, २०६७, पृ.४२७) । रेडियो नेपाल र केही एफ.एम.हरूमा यस भाषामा समाचार वाचन हुने गरेको छ । २०६८ को जनगणना अनुसार यस भाषाका प्रयोगकर्ता १.३० प्रतिशत रहेका छन् ।

**गुरुङ भाषा**

यो गुरुङ जातिले प्रयोग गर्ने भाषा हो, यसलाई तमु पनि भनिन्छ । यस भाषाभाषीको प्राचीन मूलथलो लमजुङ भएपनि मनाङ, मुस्ताङ,कास्की, तनहुँ, पर्वत, स्याङ्जा, गोर्खा आदि क्षेत्रहरूमा पनि यिनीहरूको

बसोबास पाइन्छ (शर्मा र लुइटेल, २०६०, पृ.३११) । यो भाषा तिब्बती भाषासँग धेरै मिल्दोजुल्दो छ । गुरुङ भाषा खेम तमु प्रिह लिपिमा लेखिन्छ । यस भाषामा शब्दकोश निर्माण भएको छ । पश्चिमाञ्चल विकास क्षेत्रमा रेडियोमा समाचार वाचन हुने गरेको यस भाषामा संस्कृतिको अध्ययन हुन थालेको छ तर साहित्यिक लेखन भने हुन सकेको छैन । २०६८ सालको जनगणना अनुसार यस भाषाका प्रयोगकर्ता १.२३ प्रतिशत रहेका छन् ।

**शेर्पा भाषा**

हिमाली जातिका नामले समेत चिनिने शेर्पाहरूले प्रयोग गर्ने भाषा नै शेर्पा भाषा हो । यसको मूल थलो सोलुखुम्बु जिल्ला भए पनि नेपालका हिमाली जिल्लामा बसोबास गर्ने शेर्पाहरू पनि यस भाषाका प्रयोगकर्ता हुन् । अतः यो भाषा सोलुखुम्बु लगायत हुम्ला, मनाङ, मुस्ताङ, रामेछाप, दोलखा, आदि जिल्लाहरूमा बोलिन्छ । यस भाषाको तिब्बती भाषासँग नजिकको सम्बन्ध रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार यस भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरू ०.४३ प्रतिशत रहेका छन् ।

**धिमाल भाषा**

यो धिमाल जातिले बोल्ने भाषा हो । झापा, मोरङ र सुनसरीका विभिन्न ठाउँगाउँमा यिनीहरूको बसोबास छ (ढकाल, २०६६, पृ. ३८६) । यो भाषा कथ्य स्तरमा नै सीमित छ । भारतका विभिन्न ठाउँहरूमा समेत बोलिने धिमाल भाषालाई मातृभाषाको रूपमा बोल्नेहरू जनगणना २०६८ अनुसार ०.०७ प्रतिशत मात्र रहेका छन् ।

**थकाली भाषा**

थकाली भाषाको मूल थलो मुस्ताङ जिल्लाको थाकखोला हो । यसका साथै यस भाषाका वक्ताहरू स्याङ्जा, कास्की लगायतका जिल्लाहरूमा पनि पाइन्छन् । थकाली भाषा पनि मौखिक स्तरमा सीमित भाषा हो । २०६८ को जनगणना अनुसार यस भाषाका प्रयोगकर्ता ०.०२ प्रतिशत मात्र रहेका छन् ।

**जिरेल भाषा**

दोलखा जिल्लाको जिरी र त्यसको आसपासमा बसोबास गर्ने जातिलाई जिरेल भनिन्छ । जिरेलहरूले यस भाषालाई मातृभाषाको रूपमा बोल्ने गर्छन् । यो दोलखाका साथै चितवन, पर्सा र बारामा पनि बोलिन्छ । यो भाषा पनि कथ्य स्तरमै सीमित रहेको छ । २०६८ को जनगणना अनुसार यो भाषा बोल्ने वक्ताको सङ्ख्या ०.०२ प्रतिशत रहेको छ ।

**दुरा भाषा**

लम्जुङको दुराडाँडा पैतृक थलो भएका दुराजातिको मातृभाषा दुरा हो (ढकाल, २०६६, पृ. ३८७) । कथ्य स्तरमै सीमित यो भाषा लोपोन्मुख अवस्थामा छ । यसका मातृभाषी प्रयोगकर्ता तनहुँ, कास्की चितवन जिल्लामा पनि पाइन्छन् । यसको मातृभाषी संख्या जनगणना २०६८ अनुसार ०.०१ प्रतिशत रहेका छन् ।

**सुनुवार भाषा**

रामेछाप, सिन्धुली, ओखलढुङ्गा आदि जिल्लाका सुनुवार जातिले बोल्ने भाषा नै सुनुवार भाषा हो । यो भाषा पनि कथ्य स्तरमै सीमित छ । यसको मातृभाषी संख्या जनगणना २०६८ अनुसार ०.१४ प्रतिशत रहेका छन् ।

**मेचे भाषा**

यस भाषाको मूल थलो झापा जिल्ला हो । मेचेलाई बोडो वा बोडे पनि भनिएको पाईन्छ (गौतम र चौलागाई, २०७०, पृ. ३८१) । यसलाई मातृभाषाका रूपमा बोल्नेको संख्या २०६८ को जनगणना अनुसार ०.०२ प्रतिशत रहेका छन् ।

उपर्युक्त भाषाहरू लगायत नेपालमा तिब्बती, लेप्चा, पहरी, ब्याँसी, कागते, राजी, मनाङ्गे, कामी, राउटे, चेपाङ आदि भाषाहरू यस भाषापरिवार अन्तर्गत बोलिन्छन् । यी भाषाहरूको प्रयोगकर्ता न्यून मात्रामा छन् भने अन्य भाषाको प्रभावमा परेर लोपोन्मुख अवस्थामा पुगेका छन् ।

**ग) आग्नेली भाषा परिवार**

नेपालको पूर्वी तराइको झापा जिल्लामा र सीमावर्ती भारतको बिहार, बङ्गाल र आसाम राज्यमा फैलिएका सन्थालहरूको भाषा सन्थाल हो (बन्धु, २०७३, पृ. २१०) ।  भारतमा सन्थाल भाषाभाषीको सङ्ख्या बढी भएकाले त्यहाँ यस भाषाका पाठ्यसामग्री देवनागरी र रोमन लिपिमा उपलब्ध छन् । यिनीहरूको ओलचिकी भन्ने लिपि पनि छ (ऐजन पृ. २११) ।

**तालिका ४ : नेपालमा बोलिने आग्नेसियाली परिवारका भाषाहरूको तुलना २०५८ र २०६८**

| क्र.सं. | भाषा परिवार | राष्ट्रिय जनगणना २०५८ | | | राष्ट्रिय जनगणना २०६८ | | |
|---|---|---|---|---|---|---|---|
| | आग्नेसियाली | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
| १. | | सन्थाली | ०.१८ | ४०२६० | सन्थाली | ०.१९ | ४९८५९ |
| २. | | खरिया | ०.०१ | १५७५ | खरिया | ०.०० | २३८ |

***स्रोत :** केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०५८ र २०६८*

नेपालमा आग्नेली भाषापरिवार अन्तर्गत सतार वा सन्थाल र खडिया भाषा मात्र बोलिन्छ ।कथ्य स्तरमै सीमित सन्थाली भाषा नेपालका मोरङ र झापा जिल्लामा बोलिन्छ । २०५८ को जनगणनामा यस भाषालाई सतार र सन्थाल गरी छुट्टाछुट्टै नामकरण गरिए पनि वास्तवमा सतार जातिले प्रयोग गर्ने भाषा नै सतार भाषा हो । यसलाई सन्थाल पनि भनिन्छ । यस भाषाका प्रयोगकर्ता ०.१९ प्रतिशत मात्र रहेको २०६८ को जनगणना तथ्याङ्कले देखाउँछ । खडिया भाषाको प्रयोग झापा, मोरङ र कपिलवस्तुमा गरिन्छ । यो अलिखित भाषा हो र यसको प्रयोग मौखिक परम्परामा मात्रै हुँदै आएको छ (ओझा, २०६७, पृ.४३०) । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस भाषा बोल्ने वक्ता २३८ जना रहेको देखिन्छ ।

**घ) द्रविड भाषापरिवार**

पूर्वी तराईको मोरङदेखि पर्सासम्म छरिएर बसेका द्रविड मूलका उराँवहरूले बोल्ने भाषालाई धाँगड वा झाँगड भाषा भनिएको छ भने अहिले उराँव भनिएको छ । भारतको छोटा नग्गपुरमा बोलिने कुरुख भाषासँग यसको साम्य छ भन्ने विद्वान्हरूको भनाइ छ । (बन्धु, २०७३, पृ.२११) ।

**तालिका ५ : नेपालमा बोलिने द्रविड परिवारका भाषाहरूको तुलना २०५८ र २०६८**

| क्र.सं. | भाषा परिवार | राष्ट्रिय जनगणना २०५८ | | | राष्ट्रिय जनगणना २०६८ | | |
|---|---|---|---|---|---|---|---|
| | द्रविड | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
| १. | | झाँगड/धाँगर | ०.१३ | २८६१५ | उराँव | ०.१३ | ३३६५१ |

***स्रोत :** केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०५८ र २०६८*

द्रविड भाषापरिवार अन्तर्गत पर्ने झाँगड वा धाँगड भाषा मात्र नेपालमा बोलिन्छ । नेपालको पूर्वी तराईका जिल्ला झापा, मोरङ, सिराहा र जनकपुर जिल्लामा यस भाषाका वक्ता पाइन्छन् । २०६८ को जनगणना अनुसार झाँगड भाषालाई मातृभाषाको रूपमा बोल्ने वक्ता ०.१३ प्रतिशत मात्र रहेका छन् ।

**ङ) एकल भाषापरिवार**

अन्य भाषा परिवारसँग नमिल्ने भाषालाई यस अन्तरगत राखिन्छ । नेपालमा यस भाषा परिवार अन्तरगत कुसुन्डा भाषा पर्दछ ।

**तालिका ६ : नेपालमा बोलिने एकल परिवारका भाषाहरूको तुलना २०५८ र २०६८**

| क्र.सं. | भाषा परिवार | राष्ट्रिय जनगणना २०५८ | | | राष्ट्रिय जनगणना २०६८ | | |
|---|---|---|---|---|---|---|---|
| | एकल भाषा | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
| १. | | कुसुन्डा | ०.०० | ८७ | कुसुन्डा | ०.०० | २८ |

***स्रोत :** केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०५८ र २०६८*

नेपालको गण्डकी क्षेत्रदेखि कर्णालीका किनारसम्म फैलेको चुरे पहाडका वरिपरि घना जङ्गलमा कन्दमूल सङ्कलन गर्ने र सिकारीको जीविका लिई वनमा आश्रित हुने कुसुन्डाहरूको भाषा कुसुन्डा हो (बन्धु, २०७३, पृ.२११) । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस भाषा बोल्ने वक्ता २८ जना मात्र रहेको देखिन्छ ।

## निष्कर्ष

नेपालमा वि.सं. १९६८ सालबाट जनगणना सुरु भएको हो । नेपालमा भएका जनगणनाका तथ्याङ्क अनुसार वि.सं. २००९/११ मा ४४, वि.सं. २०१८ मा ३६, वि.सं. २०२८ मा १७,वि.सं. २०३८ मा १८,वि.सं. २०४८ मा ३१, वि.सं. २०५८ मा ९२ रवि.सं. २०६८ मा १२३ संख्यामा भाषाहरू बोल्ने गरिएको देखिन्छ । यसरी विभिन्न जनगणनामा फरक फरक भाषिक तथ्याङ्क आउनुमा वैज्ञानिक रूपमा भाषिक सर्वेक्षण नहुनु, स्पष्ट आधार विना नै विभिन्न भाषाका भाषिकाहरूलाई भाषाको मान्यता दिनु, भाषाको महत्त्वलाई ख्याल नगर्नु, आग्रह-पूर्वाग्रहका आधारमा भाषा सङ्ख्या र तिनका वक्ता सङ्ख्या तोक्नु आदि रहेका छन् ।यसरी यस लेखमावि.सं. २०५८ रवि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा बोलिने भारोपेली, भोट-बर्मेली, आग्नेली, द्रबिड गरीचार वटा भाषा परिवार र एक वटा एकल परिवार गरी पाँच वटा भाषा परिवारको तुलनात्मक अध्ययन रवि.सं. २०६८ का भाषाहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

नेपालमा बोलिने भाषा परिवार अन्तरगत वि.सं. २०५८ को ९२ रवि.सं. २०६८ को १२३ वटा भाषा मध्ये वक्ता संख्याका आधारमा जम्मा ३० वटा भाषका बारेमाविश्लेषणात्मक अध्ययन  गरिएको छ ।

यसबाट नेपालमा बोलिने भाषाहरूमा दश वर्षमा देखिएको परिनर्तनको अवस्था स्पष्ट हुन्छ । अब नेपालमा वि.सं. २०७८ सालमा बाह्रौं जनगणना हुँदै छ, त्यो जनगणनामा भाषिक जनगणनालाई व्यवस्थित गर्नुपर्ने कुरालाई पनि यस लेखले सङ्केत गरेको छ । भाषासम्बन्धी सरोकार राख्ने सरोकारवालालाई यस कुराप्रति गम्भीर हुन यस लेखले ध्यानाकर्षण गरेको छ ।

नेपालमा बोलिने एकल भाषा परिवारसहित पाँच भाषा परिवारका वक्ताहरू छन् । ती भाषिक वक्ताहरूको अवस्थाका बारेमा रेग्मी (२०१७ इ.) ले नेपालको भाषाहरूको जीवन्तताको स्थिति शीर्षकमा सुरक्षित भाषा ५३ वटा, संकटापन्न भाषा ५१ वटा, अपसरणशील भाषा ११ वटा, मृतप्राय भाषा ६ वटा, सुषुप्त भाषा १ वटा र लोप भएको भाषा १ वटा रहेको कुरा उल्लेख गरेका छन् । अबको जनगणनामा राज्यले विस्तृत भाषिक विवरणका आधारमा केन्द्रीय, प्रदेश स्तरीय र स्थानीय स्तरमा भाषा योजना बनाउनु पर्दछ । त्यसको निष्कर्षलाई जनगणनाको प्रक्रियामा समावेश गर्नु उपयुक्त देखिन्छ  र भाषाहरूको जीवन्तताको अवस्था हेरी उचित पहिचान, संरक्षण, संबर्धन, विकास र विस्तारका उपायहरू अवलम्बन गर्नु अत्यावश्यक देखिन्छ ।

## सन्दर्भसूची

अधिकारी, सूर्यमणि (२०६५), **नेपाली भाषाको इतिहास,** काठमाडौं : भुँडी पुराण प्रकाशन ।

ओझा, रामनाथ (२०६७), **सामान्य भाषाविज्ञान,** काठमाडौं : वाङ्मय प्रकाशन गृह ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), **नेपालको राष्ट्रिय जनगणना २०६८,** काठमाडौं : नेपाल सरकार ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५९), **नेपालको राष्ट्रिय जनगणना २०५८,** काठमाडौं : नेपाल सरकार ।

गौतम, देवीप्रसाद र चौलागाइ, प्रेमप्रसाद (२०७०) (दोस्रो सं.), **भाषाविज्ञान,** काठमाडौं : पाठ्य सामग्री पसल ।

ढकाल, शान्तिप्रसाद (२०६६) (चौथो सं.), **सामान्य भाषविज्ञान**, काठमाडौं : शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ (२०४७), **भाषाविज्ञान,** इलाहावाद : किताब महल ।

पोखरेल, बालकृष्ण (२०५५), **राष्ट्रभाषा** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७३), **भाषाविज्ञान** (नवौं सं.), ललितपुर : साझा प्रकाशन ।

रेग्मी, दानराज (सन् २०१७), नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण : समीक्षात्मक विश्लेषण, **गिपान,** अङ्क ३-२, काठमाडौं : भाषाविज्ञान केन्द्रीय विभाग ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **आधुनिक भाषाविज्ञान,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

Yada, Y. P, and Grove, C. (Eds., 2008). **Report of the national language policy commission** (English translation). Kathmandu: Central Department of linguistics, Tribhuvan University.